नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(पिलर १)

फोन: ०१-४५११७७६
Ext: १५
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगंज, काठमाडौं

पत्र संख्या: २०७९/०८०
च.नं.
मिति: २०८०/१०/०२ गते।
प्रा.प.सं. :

### प्रेस विज्ञप्ति-२३

### "सर्वश्व सहित जन्मकैद सजाय भएका फरार प्रतिवादी २१ बर्ष पछि पक्राउ"

मिति २०५९।११।२८ गते जिल्ला धादिङ, मैदी - ९, हाल ज्वालामुदी गा.पा. वडा नं १ स्थित घर बारीमा ऐ.ऐ बस्ने **सुर्य बहादुर दवाडी**ले अंश सम्बन्धी बिषयमा झगडा भई आफ्नै श्रीमती सानुमाया दवाडीलाई कुटपिट गरी नाम्लोले घाँटीमा कसि कर्तव्य गरी रूखमा झुण्डाई हत्या गरी मृतक लासलाई धादिङ जिल्ला मैदी गा.वि.स. वडा नं ९ स्थित ग्याल्मा र बुढी गण्डकीको दोभानमा लगि जलाई सतगद गरेको कर्तव्य ज्यान सम्बन्धी अनुसन्धानमा धादिङ जिल्ला अदालतको मिति २०६१।०२।०५ गतेको फैसलाले प्रतिवादी सूर्य बहादुर दवाडीलाई सर्वश्व सहित जन्मकैद र सर्वोच्च अदालतको मिति २०६७।१०।०३ गतेको फैसला पुनरावेदन अदालत पाटनको फैसला उल्टी भई धादिङ जिल्ला अदालतको मिति २०६१।०२।०५ गतेको फैसलालाई सदर गरेको । र निज प्रतिवादी फरार भई भारतको विभिन्न स्थानहरूमा लुकी छिपी बसेको र हाल निज नेपालमा प्रवेश गर्दै छ भन्ने विशेष सुचनाको आधारमा यस केन्द्रीय अनुसन्धानको टोलीले मिति २०८०/१०/०१ गते जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालीका वडा ०१, बेलहियाबाट निजलाई पक्राउ गरी थप कारवाहीको लागि सम्मानित जिल्ला अदालत धदिङ बुझाईएको छ।

**घटनामा संलग्न व्यक्तिको विवरण**:



नाम थर: सुर्य बहादुर दवाडी
उमेर: ७० बर्ष
वतन: जिल्ला धादिङ, मैदी गा.वि.स. वडा नं ९ हालको ज्वालामुखी गा.पा. वडा नं १
पक्राउ मिति: २०८०/१०/०१ गते
पक्राउ स्थान: जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालीका वडा ०१, बेलहिया

प्रवक्ता तथा सूचना अधिकारी
(नवराज अधिकारी)
प्रहरी उपरीक्षक
सम्पर्क: ९८५१२८१३४१